नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वयन ईकाई
# जिल्ला आयोजना कार्यान्वयन इकाई
(अनुदान व्यवस्थापन तथा स्थानिय पूर्वाधार)
मन्थली, रामेछाप
२०७४

फोन नं.- ०४८-५४०५५२
०४८-५४०५५३
email:-
dlpiu.gmaliramechhap@gmail.com

पत्र संख्या ०७६/०७७
चलानी नं. २१८

श्री आठ वटै पालिकाहरु सवै,
रामेछाप ।

मिति : २०७६।०८।१३

**विषय : निजि आवास पुनर्निर्माणको कार्ययोजनाको कार्यान्वयनको लागि जानकारी गराईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको मिति २०७६/०८/०५ को १२२ औं बैठकको निर्णय अनुसार निजि आवास पुनर्निर्माणको कार्ययोजनाको कार्यान्वयनको कार्य तपसिल बमोजिमको समयसिमा भित्र गर्न/गराउन कार्यकारी समितिको १२२ औं बैठकको निर्णय नं.-१ र सो संग सम्बन्धीत अनुसुचि (क) पाना थान २ र निर्णय नं. १०,को पाना थान १ गरी जम्मा पाना थान ३ आवश्यक कार्यार्थ तथा विस्तृत जानकारीका लागि तहां पठाईएको व्यहोरा अनुरोध छ । सो संग सम्बन्धीत यस कार्यालयबाट गरेको पत्राचार अव उप्रान्त कार्यकारी समितिको निर्णय नं.१ र १० अनुसार गर्न/गराउनु हुन अनुरोध छ । उक्त निर्णयलाई समय भित्रै कार्यान्वयन गर्न गराउन सम्बन्धीत गा.पा./न.पा.को वडाहरुलाई समेत शिघ्र पत्राचार गरिदिनु हुन सादर अनुरोध छ ।

तपसिल

| क्र.स. | विवरण | समय सिमा | शर्त |
|---|---|---|---|
| १. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १२२ औं बैठकको निर्णय नं. १० (क) अनुसारको निर्णय हेरी कार्यान्वयन गर्नु हुन । | - अव उप्रान्त दोश्रो किस्ता माघ मसान्त सम्म लिनु पर्ने र तेश्रो किस्ता कार्यकारी समितिको निर्णय अनुसार हुनेछ । | लाभग्राहीको निवेदन, पालिकाको सिफारिस र जिल्ला पुनर्निर्माण सहजिकरण समितिको निर्णयको आधारमा । |
| २. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १२२ औं बैठकको निर्णय नं. १० (क) अनुसारको निर्णय हेरी कार्यान्वयन गर्नु हुन । | - प्रथम किस्ता पुस मसान्त दोश्रो किस्ता माघ मसान्त र र तेश्रो किस्ता कार्यकारी समितिको निर्णय अनुसार हुनेछ । | लाभग्राहीको निवेदन, पालिकाको सिफारिस र जिल्ला पुनर्निर्माण सहजिकरण समितिको निर्णयको आधारमा । |
| ३. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १२२ औं बैठकको निर्णय नं. १० (ख) अनुसारको निर्णय हेरी कार्यान्वयन गर्नु हुन । | लाभग्राहीको टुङगो लगाउने -पौष मसान्त भित्र<br>प्रथम किस्ता - माघ मसान्त भित्र<br>दोश्रो किस्ता-बैशाख मसान्त भित्र<br>तेश्रो किस्ता -असार मसान्त भित्र | उक्त समय सिमा भित्र निजि आवास निर्माण सम्पन्न गर्न प्रतिबद्धता गराई सम्भौता गर्ने । |
| ४ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १२२ औं बैठकको निर्णय नं. १ अनुसारको निर्णय हेरी कार्यान्वयन गर्नु हुन । | सम्भौता भई सकेको लाभग्राहीको हकमा पुष मसान्त सम्म कार्यान्वयन गरिसक्नु पर्ने । | निर्णय नं. १ को अनुसुचि (क) अनुसारको विवरण आयोजनामा तत्काल उपलब्ध गराउनु पर्ने । |

बोधार्थ
श्री जिल्ला समन्वय समितिको कार्यालय,मन्थली रामेछाप ।

.............................
ई. बीर बहादुर रावल
आयोजना प्रमुख

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १२२औं बैठकको निर्णयहरु

स्थान : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतको कार्यकक्ष, सिंहदरवार ।
मिति : २०७६।०८।०५
समय : बिहान ९:०० बजे

निर्णय नं. १

निजी आवास प्रवलीकरण गर्नका लागि एक लाख रुपैया अनुदान प्राप्त गर्ने गरी सम्झौता गरेका तर प्रवलीकरणका क्रममा उक्त घर भत्किएका वा भत्काउनु पर्ने अवस्था भएका घरधनीहरुले प्रवलीकरण लाभग्राहीबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्न चाहेमा पुनर्निर्माण सम्वन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४ को दफा ९ उपदफा (५) (ज) अनुसारका कागजातका अतिरिक्त यसैसाथ संलग्न थप अनुसूची-(क) भरी पेश गर्न केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) लाई जिम्मेवारी दिने सम्वन्धी प्रमुख कार्यकारी अधिकृतबाट मिति २०७६।०७।०९ मा भएको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. २

यसैसाथ संलग्न अनुसूची-१ बमोजिमको Dan Church Aid नामक संस्थाको निजी आवास निर्माणमा जलवायु परिवर्तन अनुकुल निर्माण सामाग्रीको उत्पादन र उपभोग बढाउने/गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय नं. ३

यसैसाथ संलग्न अनुसूची-२ बमोजिमको Nepal Jesuit society नामक संस्थाको श्री आदर्श आधारभूत विद्यालय, सिन्धुपाल्चोकको २ कोठे भवन र श्री जय गोल्मा आधारभूत विद्यालय, सिन्धुपाल्चोकको ४ कोठे भवन निर्माण गर्ने प्रस्ताव स्वीकृत गर्ने।

निर्णय नं. ४

यसैसाथ संलग्न अनुसूची-३ बमोजिमको Nepal Youth Foundation/ Nepal नामक संस्थाको श्री नारायणी माध्यमिक विद्यालय, ललितपुरको फर्निचरसहित ६ कोठे भवन निर्माण गर्ने प्रस्ताव स्वीकृत गर्ने।

निर्णय नं. ५

यसैसाथ संलग्न अनुसूची-४ बमोजिमको "छुट तथा पुनःजाँच सर्वेक्षणको लगत विश्लेषण गरी लाभग्राही पहिचान गर्ने सम्वन्धी मापदण्ड, २०७६" स्वीकृत गर्ने ।

निर्णय नं. ६

निजी आवास पुनर्निर्माण लाभग्राहीमा सूचीकृत हुन पाउँ भनी नयाँ गुनासो दर्ता गर्न आउने वा विगतमा गुनासो दर्ता गरी छुट तथा पुनः जाँच सर्वेक्षणमा समावेश हुन नसकेकाहरुको २०७६ जेष्ठ मसान्तपछि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले दर्ता नगर्ने तथा २०७६ असार मसान्तपछि सर्वेक्षण नगर्ने भनी गरेको निर्णयलाई अनुमोदन गरियो। यदी कुनै व्यक्ति उपरोक्त किसिमको

अनुसूची-क

मितिः २०७६/..../.......

बिषयः प्रतिवेदन पेश गरेको बारे ।

श्रीमान् आयोजना प्रमुखज्यू,
जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन)
..............................................

..................जिल्ला....................नगरपालिका/गाउँपालिका, वडा नं..........टोल/गाउँ...............बस्ने श्री................................को घर २०७२ साल वैशाख १२ गतेको भूकम्प तथा तत्पश्चात्को परकम्पहरुबाट घर क्षति भई सर्भेक्षण गरिएको र सोको आधारमा कार्यकारी समितिको निर्णयानुसार प्रबलीकरण लाभग्राही (सम्झौता क्रम नं...../निस्सा नम्बर....) मा सूचीकृत भएकोमा उक्त निर्णयमा चित्त नबुझी निजले पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४ को दफा ९ उपदफा (५) (ग) अनुसार प्रबलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्नको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा तोकिएको ढाँचामा निवेदन गरिसकेको । निजले हाल आफ्ना क्षति भएका सबै घरहरु भत्काई नयाँ भूकम्प प्रतिरोधी घर निर्माण शुरु गरी डिपिसि गरिसकेको/घर निर्माण सम्पन्न गरिसकेको व्यहोरा अनुरोध गरिन्छ । तपशिल बमोजिमको फोटोहरु यसैसाथ संलग्न गरिएको छ ।

<u>तपशिल</u>

१. भत्काइएको घरको फोटो-१
२. घरधनी सम्मुख उभिएको नयाँ निर्माण डिपिसि गरेको/सम्पन्न गरेको घरको फोटो-१

रोहबरः
वडा सचिव श्री..............................................

..............................................
इन्जिनियर/सव-इन्जिनियर/असिष्टेण्ट सव-इन्जिनियर
नगरपालिका/गाउँपालिका, वडा नं.

उपर्युक्त व्यहोरा चेकजाँच गर्दा ठीक देखिएकोले सिफारिश गर्दछु ।

..................................
जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन)
जिल्लाः..............................

---

नोटः-१. भत्किएको घर हटाई सोही स्थानमा घर निर्माण गरेको अवस्थामा फोटो भएसम्म पेश गर्ने र सोही व्यहोरा उल्लेख गर्ने ।
२. वडामा इन्जिनियर उपलब्ध भएसम्म इन्जिनियरको नै हस्ताक्षर गराउने ।

निर्णय नं.१०

नेपाल सरकारको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम एवं बजेटमा उल्लेख भए अनुरुप निजी आवास पुनर्निर्माणको काम सम्पन्न गर्नका लागि प्राधिकरणबाट तय गरिएको कार्ययोजना बमोजिम हुने गरी निजी आवासको सबै काम २०७७ साल आषाढ मसान्तसम्म सम्पन्न गर्ने गरी निम्न बमोजिमको समयसीमा निर्धारण गर्ने निर्णय गरियो ।

क. यस प्राधिकरणको मिति २०७६।०४।०५ को निर्णयानुसार मिति २०७६ आषाढ २१ गतेसम्म सम्झौता नगरेका र मिति २०७६ आषाढ मसान्तसम्म पहिलो किस्ता नलिई अनुदान वितरण स्थगन गरिएका लाभग्राहीहरुलाई र मिति २०७६ कार्तिक मसान्तसम्म दोस्रो किस्ता लिई सक्नुपर्ने लाभग्राहीहरुलाई एक पटकका लागि सम्वन्धित स्थानीय तहले निवेदन लिई लाभग्राहीहरुबाट घर पुनर्निर्माणको सुनिश्चतता गरी सिफारिश भईआएमा जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले आवश्यक छानविन गरी जिल्ला पुनर्निर्माण सहजीकरण समितिमा पेश गर्ने र जिल्ला पुनर्निर्माण सहजीकरण समितिले प्राप्त विवरण र सिफारिशसमेत अध्ययन गरी सम्वन्धित लाभग्राहीबाट आफ्नो आवास पुन:निर्माण तोकिएको समयसीमाभित्र सम्पन्न गर्ने प्रतिवद्धता भएको पाएमा स्थगन गरिएको अनुदान उपलब्ध गराउन सक्ने । यसरी लाभग्राही कायम भएकाले पहिलो किस्ता २०७६ पौष मसान्तभित्र र दोस्रो किस्ता २०७६ माघ मसान्तसम्म लिईसक्नु पर्ने । साथै, यस प्रक्रियामा नआउने लाभग्राही सूचीमा सूचीकृत लाभग्राहीहरुको लगत कट्टाका लागि जिल्ला सहजीकरण समितिले सिफारिशसाथ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाउने व्यवस्था मिलाउने।

ख. एकीकृत वस्तीका लाभग्राही, जोखिम क्षेत्रका लाभग्राही, भूमिहिन लाभग्राही, जोखिमवर्गका लाभग्राही, काठमाण्डौ उपत्यकाभित्रका लाभग्राही तथा छुट तथा पुन: जाँच सर्वेक्षणको लगत विश्लेषणबाट कायम हुने लाभग्राहीहरुको हकमा निम्नानुसार समयसीमा हुने ।

| सि. नं. | किस्ता | समयसीमा | कैफियत |
|---|---|---|---|
| १ | लाभग्राही कायम गर्ने एवं टुंगो लगाउने | २०७६ पौष मसान्त | |
| २ | पहिलो किस्ता लिईसक्नु पर्ने | २०७६ माघ मसान्त | |
| ३ | दोस्रो किस्ता लिईसक्नु पर्ने | २०७७ बैशाख मसान्त | |
| ४ | तेस्रो किस्ता लिईसक्नु पर्ने | २०७७ असार मसान्त | |

ग. प्रवलीकरण लाभग्राहीका हकमा लाभग्राही कायम गर्ने एवं टुंगो लगाउने अवधि र पहिलो किस्ता रकम प्राप्त गर्ने अवधि माथि बुदा नं. ख अनुसार हुने र अन्तिम किस्ता रकम २०७७ असार मसान्तसम्ममा लिई सक्नु पर्ने ।

सचिव